तानसेन नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

तानसेन, पाल्पा

लुम्बिनी प्रदेश, नेपाल

फोन : ०७५-५२०१०९, ५२०८९३, ५२०१२९, ५२०९०९

Email: info@tansenmun.gov.np, ito.tansenmun@gmail.com

website: www.tansenmun.gov.np


पत्र संख्या : १/प्र./२०७९/०८०

चनं :

प्रथम पटक प्रकाशीत मिति : २०७९।८।२९

## सूचना

तानसेन नगरपालिकावाट चालु आ.व.२०७९/०८० को वार्षिक नगर विकास योजनामा तानसेन नगरपालिका क्षेत्रभित्र समुदायस्तरवाट संचालन गरिएका २०० घरधुरीले उपयोग गर्ने लघु प्रकृतिका लिफ्ट खानेपानी आयोजनामा खपत हुने विद्युत महसुलमा २५ प्रतिशत अनुदान प्रदान गर्ने कार्यक्रम राखिएकोमा तानसेन नगरपालिका क्षेत्र भित्र सञ्चालित लघु प्रकृतिका लिफ्ट खानेपानी योजनामा खपत हुने विद्युत महसुल अनुदान सम्वन्धी कार्यविधि, २०७९ को आधारमा नगरपालिकामा खानेपानी उपभोक्ता समिति दर्ता गरी अनुदान प्राप्त गर्नको लागि वडा कार्यालयको सिफारिस तथा निम्नानुसारका आवश्यक कागजात सहित यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस कार्यालयमा आवेदन दिनुहुन सम्वन्धित खानेपानी उपभोक्ता समितिहरुको लागि यो सूचना प्रकाशन गरिएको छ ।

निम्न:

१. खा.पा.उपभोक्ता समिति दर्ता र अनुदान प्राप्त गर्नको लागि बैठकको निर्णयको प्रतिलिपि

२. खा.पा. उपभोक्ता समितिको पदाधिकारीको नागरिकताको प्रतिलिपि

३. खा.पा. उपभोक्ता समितिको नाममा विद्युत महसुल बुझाउने कार्ड

४. खा.पा.उपभोक्ता समितिको मर्मत संभार कोष सम्वन्धी कागजात

५. उपभोक्ता समितिले प्रति महिना नेपाल बिद्युत प्राधिकरण, पाल्पा वितरण केन्द्रमा खपत गरेको बिद्युत महसुल तिरेको रसिद

६. उपभोक्ता समितिको दर्ता प्रमाण पत्र

७. खर्च सार्वजनिक गरेको विवरण

८. बैंक खाता नम्बर सहितको कागजातहरु

९. नेपाल विद्युत प्राधिकरण, पाल्पा वितरण केन्द्रमा दर्ता भएको र खपत गरेको बिद्युत महसुल समयमा तिरेको बारे वितरण केन्द्रको सिफारिस तथा कागजात

यस सम्वन्धी सूचना र कार्यविधिको प्रतिलिपी वडा कार्यालयमा समेत रहने हुँदा थप जानकारीको लागि आफ्नो वडा कार्यालयमा सम्पर्क गरी आवश्यक सहयोग लिन सकिने छ ।

...................

प्रमुख प्रशासकीय अधिकृत

जीवन ज्ञवाली

प्रमुख प्रशासकीय अधिकृत